आज मिति २०८१ साल असोज ११ गते बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगा बहादुर तामाङज्यूको अध्यक्षतामा बलेफी गाउँकार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री गंगा बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री छविलाल न्यौपाने | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री रितेश तामाङ | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री सुर्जे तामाङ | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री यादव ठकुरी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री तेज बहादुर पराजुली | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री गृबिन्द्र कुमार चौंलागाई | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री रमेश कुमार श्रेष्ठ | ८ नं. वडा अध्यक्ष | |
| ११ | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२ | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | |
| १३ | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री देवकी भुजेल | कार्यपालिका सदस्य | |
| १६ | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | |
| १७ | श्री सुर्य बहादुर तामाङ | सदस्य सचिव | |

आमन्त्रितः

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

मिति २०८१/०६/११ को बलेफी गाउँकार्यपालिका बैठक

बैठक संख्या-४

प्रस्तावहरु :

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

२. चाडपर्व लक्षित बाटो सरसफाई सम्बन्धमा ।

३. Projects Aids to Nepal अन्तर्गत आयोजना प्रस्ताव पेश सम्बन्धमा ।

४. ग्रिनलाईन बहुउद्धेश्यीय सहकारी संस्था लि. सँग जग्गा भाडा सम्झौता सम्बन्धमा ।

५. बलेफी बाल कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०८१ पास गर्ने सम्बन्धमा ।

६. बलेफी बाल कोष सञ्चालन समिति गठन सम्बन्धमा ।

७. विविध सम्बन्धमा ।

निर्णयहरु

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा अघिल्लो बैठकमा भएको निर्णयहरु कार्यन्वयन भईरहेको निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.ब २०८१/८२ को स्वीकृत वडागत बजेट स्रोतबाट खर्च व्यहोर्ने गरी कोटेशन मार्फत बाटो सरसफाई गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र सिजाङ (तिब्बंत) को सहयोगमा कार्यन्वयन हुने Projects Aids to Nepal अन्तर्गत तपसिल बमोजिमको आयोजना प्रस्ताव गर्ने निर्णय गरियो ।

| क्र. सं. | क्षेत्र/विषय | प्रस्तावित आयोजना |
|---|---|---|
| १. | पूर्वाधार विकास सम्बन्धी योजना | क) बाल शिक्षा मा.वि., वडा नं. ७, आनन्द मा.वि. ., वडा नं. १, र जालपा देवी मा.वि., वडा नं. ४ छत्रावास भवन निर्माण<br>ख) देउराली अस्पताल भवन निर्माण वडा नं. ४,<br>ग) गाविस डाँडा खानेपानी निर्माण वडा नं. ३<br>घ) रिठ्ठे बस्ती देखि बलेफी गाउँपालिका भवन खानेपानी निर्माण वडा नं. ५<br>ङ) कपिलेश्वर मन्दिर, गढीडाँडा, सेल्ताप, ओमपार्क भैरबकुण्ड पदमार्ग निर्माण वडा नं. ३, ४ र ५<br>च) अधेँरी बुद्धपार्क पोखरेडाँडा पदमार्ग निर्माण वडा नं. ६,<br>छ) फाँटबस्ती सिँचाई निर्माण वडा नं. ८<br>ज) विन्जेल उद्योग दुग्ध उत्पादक सहकारी संस्थामा डेरी उद्योग सञ्चालन वडा नं. ४, |

| | | |
|---|---|---|
| २. | क्षमता विकास सम्बन्धी | क) युवा स्वरोजगार तालिम सञ्चालन (मोबाईल मर्मत, सवारी साधन मर्मत, व्युटी पार्लर) |
| ३. | वस्तुगत सहायता | क) व्याक-हो लोडर खरिद<br>ख) जलविरे प्रा.स्वा.के. मा भिडियो एक्स रे मेशिन, ईसिजी लगायत अन्य स्वास्थ्य सामाग्रीहरु खरिद |

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा श्री ग्रीनलाईन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड लाई विगत भएको सम्झौतालाई नै निरन्तरता दिने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा बलेफी बाल कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०८१ पास गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा तपसिल बमोजिम सदस्य रहने गरी बलेफी बाल कोष सञ्चालन समिति गठन गर्ने निर्णय गरियो ।

क) गा.पा. उपाध्यक्ष श्री सरु लामा तामाङ - अध्यक्ष
ख) श्री रमेश कुमार श्रेष्ठ - सदस्य
ग) श्री कविता काफ्ले - सदस्य
घ) श्री देवकी भूजेल - सदस्य
ङ) श्री सृष्टी पौडेल - सदस्य
च) श्री सुशिला चौलागाई - सदस्य
छ) श्री रेनु नेपाली -सदस्य सचिव

७. विविध विषयमा छलफल गर्दा तपसिल बमोजिम निर्णय गरियो ।

क) श्री कपिलेश्वर महादेव एम्बुलेन्स सेवा समितिले एम्बुलेन्स सञ्चालन तथा आगलागि नियन्त्रणको लागि Fire Extinguisher रिफिलिङ गरेको बिल बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

ख) बलेफी गाउँपालिका वडा नं. ६ बस्ने मिन बहादुर घिसिङले बलेफी गाउँपलिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २(१) अनुसार अनुसूची-१ बमोजिमको ढाँचामा लनि दिनी इन्फास्ट्रक्चर एण्ड मल्टी कम्पनी प्रा.लि. लाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र पाउँ भनी दरखास्त पेश गर्नुभएको र सो सम्बन्धमा ऐ कार्यविधिको दफा २(२) मा भएको व्यवस्था अनुसार यस कार्यालयका ई. श्री सञ्जय प्याकुरेलको संयोजकत्वमा गठित जाँचबुझ समितिले अनुसूची-५ बमोजिमको योग्यता भएको भनी प्रतिवेदन पेश गरेको हुँदा उक्त लनि दिनी इन्फास्ट्रक्चर एण्ड मल्टी

कम्पनी प्रा.लि. लाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

ग) बलेफी गाउँपालिका वडा नं. ७ बस्ने मिन बहादुर तामाङले बलेफी गाउँपलिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ को दफा २(१) अनुसार अनुसूची-१ बमोजिमको ढाँचामा मनोराज कन्सट्रक्शन एण्ड सप्लायर्स प्रा.लि. लाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र पाउँ भनी दरखास्त पेश गर्नुभएको र सो सम्बन्धमा ऐ कार्यविधिको दफा २(२) मा भएको व्यवस्था अनुसार यस कार्यालयका ई. श्री सञ्जय प्याकुरेलको संयोजकत्त्वमा गठित जाँचबुझ समितिले अनुसूची-५ बमोजिमको योग्यता भएको भनी प्रतिवेदन पेश गरेको हुँदा उक्त मनोराज कन्सट्रक्शन एण्ड सप्लायर्स प्रा.लि. लाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

घ) साउन १९ गते सम्पन्न भएको मौलिक खान्दोके सेलो संरक्षण एवं प्रवर्द्धन कार्यक्रम तिप्लिङ मिडिया हाउस प्रा.लि. शिर्षकमा विनियोजन भएको रकम भुक्तानी दिने निर्णय गरियो ।

ङ) साउन २६ गते भव्य रुपमा सम्पन्न भएको ठूलोछाँगा क्यानोनिङ र क्लाईम्बिङ आधारभूत तालिम तथा शुभारम्भ कार्यक्रम वडा नं ३ को लागि विनियोजन भएको रकम बिल भरपाई बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

च) गत आ.ब. मा काम सम्पन्न भएको भुक्तानी बाँकी रहेको बाँसुरी मिडिया प्रालिलाई बोलपत्र सूचना प्रकाशनको बील बमोजिमको रकम रु. ३५,०३०/- भुक्तानी दिने निर्णय गरियो ।

छ) यस पालिकाको वडा नं. ३ का जिते पाख्रिनलाई आर्थिक सहायता गत आ.बमा रु. २०,०००/- दिने निर्णय भएकोमा भुक्तानी असफल भएकोले उक्त रकम यस वर्षको आर्थिक सहायता शीर्षकबाट निजलाई भुक्तानी दिने निर्णय गरियो ।

ज) संघीय सरकारबाट यस गाउँपालिकाको जलविरेमा आ.ब. २०७७/७८ मा बजेट तथा कार्यक्रम समावेश भई ठेक्का नं. BRM/NCB-HB-10/2077-78 बाट छनोट भएका निर्माण व्यवसायी सोवर्ण निर्माण सेवा राम्चे १ सिन्धुपाल्चोकसँग मिति २०७८/०६/०४ मा सम्झौता भएको र योजनाको निर्माण कार्य भईरहेकोमा निजले पेश गरेको सातौं रनिङ बिल ५,७३,३५,७१३/६४ पेश गरेकोमा संघीय सरकारबाट उक्त आ.ब मा बिल बराबरको रकममा भुक्तानी हुनेगरी बजेट प्राप्त नभई रु २,६५,५१,७५३/६४ दायित्त्व रहेकोमा उक्त दायित्त्व रकम चालु आबमा सार्ने र उक्त योजनाको दायित्त्व रकम चालु आबको सशर्त पूँजीगत तर्फ रु. २,१०,००,०००/०० समावेश भई आएकोमा सो बाट भुक्तानी दिने र नपुग रकम अन्तिम बिल प्राप्ति भएपछि सो समेत समावेश गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

झ) बलेफी गाउँपालिका वडा नं. ६ को आ.ब. २०८१/८२ को स्वीकृत कार्यक्रम खहरे धन्सार सडक मा विनियोजित रकम रु.२,००,०००/०० हाललाई सडक सरसफाई कार्यक्रम संशोधन गरी खर्च गर्ने आगामी गाउँसभाबाट स्वीकृत गरी खर्च समर्थन गर्ने निर्णय गरियो ।

ञ) यस गाउँपालिका तथा वडामा आ.ब. २०८१/८२ को स्वीकृत कार्यक्रम अनुसार उपभोक्ता समिति मार्फत गरिने कार्यक्रमहरु उपभोक्ता समिति गठन र योजना सम्झौता कार्यान्वयन को लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।